नेपाल सरकार
गृह मन्त्रालय
GOVERNMENT OF NEPAL
MINISTRY OF HOME AFFAIRS

गृह मन्त्री
MINISTER FOR HOME AFFAIRS

## लागू औषध दुरूपयोग तथा अवैध ओसारपसार विरूद्धको अन्तर्राष्ट्रिय दिवस

## सन्देश

प्रत्येक वर्ष २६ जून मा मनाइने लागू औषध दुरुपयोग तथा ओसारपसार विरुद्धको अन्तर्राष्ट्रिय दिवसको अवसरमा सम्पूर्ण लागू औषध प्रयोगकर्ताका अभिभावकजनलाई उहाँहरुको सन्तान र प्रियजनको शीघ्र शुद्धिकरण र सुमधुर पारिवारिक पुनःस्थापनामा जोड दिन चाहन्छु । कोभिड-१९ को संक्रमण रोकथाम, नियन्त्रण र उपचार संगसंगै लागू औषध दुरुपयोग रोकथाम तथा नियन्त्रणको कार्यमा आ-आफ्नो तह र तप्काबाट हालसम्म गरिएका प्रयासहरुका लागि धन्यवाद दिंदै सम्बद्ध सबै निकाय एवं आम जनसमुदायको साथ र सहयोगका लागि अपिल समेत गर्दछु ।

लागू औषध दुरुपयोगको विश्वव्यापी रुपमा बढ्दो चुनौती सामना गर्न संयुक्त राष्ट्र संघ महासभाबाट घोषणा भई विगत तीन दशक अगाडी देखि यो दिवस मनाउन थालिएको हो । आज सारा विश्व र मानव समुदाय नै कोभिड-१९ संक्रमणको महामारीसंग जुधिरहेको छ ।यसै विषयलाई मध्यजनर गर्दै संयुक्त राष्ट्र संघीय लागू औषध तथा अपराध नियन्त्रण कार्यालयले यस वर्ष "Better Knowledge for Better Care" भन्ने नारा सहित यो दिवस मनाउने तय गरेको छ । यसका लागि उक्त कार्यालयले तथ्य र साझा दायित्वमा आधारित समाधान खोज्न जोड दिएको छ ।

नेपालमा पनि वर्षेनी विविध कार्यक्रमहरुको आयोजना गरी देशव्यापी रुपमा यो दिवस मनाउने गरिएकोमा कोभिड-१९ को संक्रमणबाट उत्पन्न जोखिम न्यूनिकरणका उपायहरु अवलम्वन गर्नुपर्ने सन्दर्भमा यो वर्ष दिवसका औपचारिक कार्यक्रमहरु गर्न सम्भव भएन । यद्यपी कोभिड-१९ को संक्रमणबाट लागू औषध रोकथाम तथा नियन्त्रणको क्षेत्रमा संलग्नहरुमा समेत ठूलो प्रभाव परेका कारण महामारीबाट सुरक्षित रहंदै लागू औषध दुरुपयोग र यसको कारोवार नियन्त्रण तर्फका कार्यहरु भने भइरहेका छन् । यस क्रममा मन्त्रालयबाट उपचार तथा पुनःस्थापना केन्द्र तथा अन्य सेवा केन्द्रहरुबाट सेवा प्राप्त गरिरहेका व्यक्तिहरुको दैनिक जीवनयापनमा कोभिडले पारेको प्रभाव न्यूनिकरणमा निरन्तर सहजीकरण भइरहेको छ । त्यसै गरी मन्त्रालयले प्रतिकूल अवस्थामा लागू औषध कारोवारमा संलग्नहरुले नयाँ मार्ग र विधिहरुको प्रयोग गरी तस्करीका गतिविधि बढाउन सक्ने संभावनालाई मध्यनजर गर्दै त्यसको प्रभावकारी नियन्त्रणका लागि आवश्यक रणनीतिहरु अवलम्वन गरिरहेको छ । यसको अझ प्रभावकारी रोकथाम, नियन्त्रण र उपचार सेवाका लागि सबैको सामूहिक प्रयास भने अपरिहार्य छ ।

कोभिड-१९ संक्रमणको सम्बोधन तथा मानिसहरुको जीवन रक्षाका लागि आपसी सहयोग र विश्वास महत्वपूर्ण हुने सन्दर्भमा हाल सिर्जित चुनौतीहरु सम्बोधन गर्न सहयोग, समन्वय, भरपर्दो तथ्याङ्क र प्रमाणमा आधारित कार्य गर्नु जरुरी हुन्छ । यसो भएमा मात्र मानवीय सुरक्षाका साथ दिगो विकासको लक्ष्य हासिल गर्न सहज हुन्छ ।

नेपालमा लागू औषध दुरुपयोग रोकथाम र नियन्त्रण कार्यलाई प्रमाणमा आधारित एवं सूचित नीति र कार्यक्रम मार्फत् सम्बोधन गर्नु पर्ने कुरालाई मध्यनजर गरी नेपाल सरकारले यसै वर्ष नेपाल लागू औषध प्रयोगकर्ताहरुको सर्वेक्षण सम्पन्न गरी सो को प्रतिवेदन सार्वजनिक गर्ने संघारमा रहेको व्यहोरा समेत यसै अवसरमा जानकारी गराउँछु । उक्त सर्वेक्षणले तथ्याङ्कीय रूपमा महत्वपूर्ण सूचना दिनुका साथै नेपालमा लागू औषध प्रयोगको पछिल्लो अवस्था चित्रण गर्ने विश्वास लिइएको छ ।

अन्तमा, यस दिवसको अवसरमा लागू औषध दुरुपयोग तथा ओसारपसार नियन्त्रणको कार्यमा मन्त्रालयको तर्फबाट पूर्ण प्रतिबद्धता व्यक्त गर्दै स्वस्थ, सभ्य, सदाचारी र अपराधमुक्त समाज निर्माण गर्ने साझा जिम्मेवारीको रुपमा रहेको यस कार्यमा सम्बद्ध सबैको ऐक्यबद्धता तथा जागरुकताका लागि विशेष आव्हान गर्दछु ।

२०७७ आषाढ १२

राम बहादुर थापा 'बादल'
गृहमन्त्री